प्रदेश सरकार
कोशी प्रदेश
पर्यटन, वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
डिभिजन वन कार्यालय, झापा
भद्रपुर, झापा
फोन नं. ०२३-४५२०५३

प.सं. ०८१।८२ (योजना शाखा)

## डिभिजन वन कार्यालय झापाको काठ /दाउरा लिलाम बिक्रि सम्बन्धि विस्तृत सूचना ।

(तेस्रो पटक प्रकाशित मितिः ब्लाष्ट राष्ट्रिय दैनिकमा मिति २०८१।११।१९ गते)

आ.व. २०८० /०८१ मा संकलन भई घाटगद्दी भएको SASEC Highway Enhancement Project (SHEP) ADB Project No.P52097-003 NEP अन्तर्गतको काकडभिट्टा लौकही सडक योजना (पूर्वी खण्ड) मध्ये कनकाई सब-डिभिजन वन कार्यालयको कार्यक्षेत्र भित्रको चेनेज सम्मको सिमा भित्र परेका रुखहरु सम्बन्धित आयोजनावाट कटान मुछान, टुनटुका भई तत तत खाटगद्दीमा पाईलिङ समेत भई सो आयोजनाबाट मिति २०८१।०६।२० मा यस कार्यालयलाई हस्तान्तरण भई आएको र दमक सब-डिभिजन वन कार्यालयको कार्यक्षेत्र भित्रको काँकडभिट्टा लौकही सडक योजना (पश्चिम खण्ड) बाट कटान, मुछान, टुनटुका भई बेलडाँगी घाटगद्दीमा पाइलिङ समेत भई सो आयोजनाबाट मिति २०८१।०८।२७ मा यस कार्यालयलाई हस्तान्तरण भइ आएका तपसिलमा उल्लेखित लट तथा घाटगद्दीमा रहेको निम्न बमोजिमको न्यूनतम मूल्य कायम गरिएका जात, थान र परिमाणका काठ दाउरा जहाँ जे जस्तो अवस्थामा छन् सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी शिलबन्दी बोलपत्र प्रकियाबाट (बढाबढ गराई) लिलाम बिक्रि गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । तपशिलमा उल्लेखित मिति र समय भित्र प्रचलित कानुन बमोजिम योग्यता पुगेका वन पैदावरमा आधारित उद्योग, फर्महरुलाई बोलपत्र खरीद तथा दाखिलाका लागि आहान गरिन्छ ।

तपशिल

१) वन पैदावारको विवरण

| सि.नं. | लट नं. | जात | थान | ग्रेड | परिमाण (क्यू.फि.) | न्यूनतम दर (प्रति क्यू.फि.) | न्यूनतम मूल्य रु. | घाटगद्दी स्थल | काठको श्रोत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ८८।०८१/०८२ (घाट नं. ३५/बेलडाँगी र सुरुङ्गा) | खयर | १६ | | १४.१७ | १००० | १४१७०.०० | बेलडाँगी | काकडभिट्टा लौकही सडक योजना (पश्चिम खण्ड) ले चेनेज 45+000 देखी 54+750 सम्म सडकको दाँयाबाया रुखहरुको कटानबाट उत्पादित |
| | | खयर जरा (कि.ग्रा.) | १ | | १५०.०० | ४० | ६०००.०० | | |
| | | खयर जरा (कि.ग्रा.) | २२ | | १३९८.२८ | ४० | ५५९३१.२० | सुरुङ्गा | काकडभिट्टा लौकही सडक योजना (पुर्वी खण्ड) ले चेनेज १३+३२० देखी ३०+३२० सम्म सडकको दाँयाबाया रुखहरुको कटानबाट उत्पादित |
| | | जम्मा | १६ थान गो. र २३ थान जरा | | १४.१७ क्यू.फि. गो. काठ र १५४८.२८ कि.ग्रा. जरा | | ७६१०१.२० | | |

२) ब्लाष्ट राष्ट्रिय दैनिक पत्रिकामा तेस्रो पटक सूचना प्रकाशन भएको मिति २०८१।११।१९ ले १५ (पन्ध्र) औं दिन मिति २०८१।१२।०४ (सो दिन सार्वजनिक बिदा परेमा सो को भोली पल्ट सम्म) गते सम्म यस कार्यालय तथा वन निर्देशनालय, कोशी प्रदेश, धरानबाट तोकिएको मूल्य (फिर्ता नहुने गरी) तिरी बोलपत्र खरिद गर्न सकिने छ । बोलपत्र खरीद गर्न ईच्छुक व्यक्ति/फर्म वा कम्पनीका प्रोप्राईटरले बोलपत्र खरीद गर्न दिईएको निवेदनको साथमा नेपाली नागरीकता प्रमाणपत्रको प्रतिलिपी, कर दर्ता प्रमाण पत्रको प्रतिलिपी, मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपी वा स्थायी लेखा नम्बर PAN दर्ता प्रमाणपत्रको प्रतिलिपी, प्रचलित कानुन बमोजिम उद्योगको रुपमा दर्ता भई डिभिजन वन कार्यालयमा सुचीकृत वा अद्यावधिक भएका काठ, दाउरालाई कच्चा पदार्थको रुपमा प्रयोग गर्ने उद्योगले कारोवार गर्न ईजाजत पाएको प्रमाण पत्रको प्रतिलिपी पेश गर्नुपर्ने छ ।

प्रदेश सरकार
कोशी प्रदेश
पर्यटन, वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
डिभिजन वन कार्यालय, झापा
फोन नं. ०२३-४५२०५३
भद्रपुर, झापा

प.सं. ०८१।८२ (योजना शाखा)

३) खरीद गरिएका बोलपत्रहरु रितपुर्वक भरी सिलबन्दी गरेर मिति २०८१।१२।०५ गते (उक्त दिन सार्वजनिक विदा परेमा सो को भोली पल्ट) दिनको १:०० बजे सम्ममा वन निर्देशनालय, कोशी प्रदेश, धरान वा डिभिजन वन कार्यालय, झापामा दाखिला गर्न सकिने छ ।

४) प्रत्येक लट।जातको काठ,दाउराको लागि अलग अलग कबोल रकम बोलपत्रमा उल्लेख गर्नुपर्ने र बेग्लाबेग्लै लटको काठ,दाउराको लागि बेग्लाबेग्लै बोलपत्र सिलबन्दी गरी पेश गर्नु पर्नेछ र खाममा लट नं. र फर्मको नाम, शिलको किसिम र थान अनिवार्य रुपमा उल्लेख गर्नुपर्ने छ । उल्लेख नगरेमा त्यस्तो बोलपत्र दर्ता गर्न कार्यालय बाध्य हुने छैन र दर्ता भएको भए पनि अमान्य हुनेछ । लटको मूल्याइन गर्दा सोही लटको अधिकतम् कबोल मूल्यलाई आधार मानिने छ । काठ, दाउरा सङ्कलन गर्दा लागेको कटान, मुछान, ढुवानी बापत काठको हकमा प्रति क्यू.फी. रु. १११।३७- र खयर जराको हकमा प्रति के.जी. रु. १२।५८- का दरले छुट्टै रकम बुझाउनु पर्नेछ ।

५) जसको नाममा बिक्रि भएको बोलपत्र फाराम हो, उसैको तर्फबाट दाखिला गर्नु पर्नेछ ।

६) बोलपत्रको साथमा छुट्टाछुट्टै लटको लागि कबोल गरेको रकमको १०% ले हुने धरौटी रकम, प्रदेश लेखा ईकाई कार्यालय, झापाको राष्ट्रिय वाणिज्य बैंक, शाखा कार्यालय, भद्रपुर स्थित खाता नं. क २२१०१००२०२०३०००० मा जम्मा गरी सो को लट अनुसारको छुट्टाछुट्टै सक्कल भौचर वा कम्तिमा ६ महिना सम्मको रितपूर्वकको बैक ग्यारेन्टी वा बैंक ड्राफ्ट सिलबन्दी गरिएको खाम भित्र समावेश हुनु पर्नेछ ।

७) बोलपत्रमा सकार रकम, अंक र अक्षर दुबैमा लेखु पर्नेछ । अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

८) बोलपत्रमा र सो सम्बन्धि कागजातमा बोलपत्रदाता वा फर्मको सहीछाप भई नआएमा सिल खोलिएको वा टुटफूट भएकोमा सो बोलपत्र अमान्य हुनेछ ।

९) लिलाम बढाबढ हुने उपरोक्त लटको वन पैदावार कार्यालय खुलेको समय भित्र घाटगद्दी स्थलमा गई हेर्न सकिनेछ ।

१०) दाखिला हुन आएका बोलपत्रहरु वन निर्देशनालय, धरानमा दाखिला नभएको अवस्थामा दाखिला गर्ने अन्तिम दिनको दिउँसो २.०० (२०८१।१२।०५ गते) र वन निर्देशनालय, धरानमा समेत दाखिला भई सोही दिन बोलपत्र संकलन भइ नसकेमा भोलिपल्ट बिहान ११:०० बजे (उक्त दिन विदा भएमा सो को भोलीपल्ट) देखी यस कार्यालयमा खोलिने छ ।

११) सकारकर्ताले लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको मितिले दिन ४५ (पैतालिस) भित्र सकार गरेको रकम, काठको संकलन खर्च, मु.अ.कर, प्रदेश शेवासुल्कको रकम दाखिला गर्नु पर्नेछ ।

१२) सम्बन्धित कार्यालयहरुबाट बिक्रि नभएको बोलपत्र दाखिला भएमा वा बेचिएको बोलपत्रको फोटोकपी दाखिला गरेमा सो बोलपत्र अमान्य हुनेछ ।

१३) म्याद नाघी वा रित नपुगी पेश हुन आएको बोलपत्र उपर कुनै कारवाही गरीने छैन ।

१४) बोलपत्र सम्बन्धि प्रकाशित सूचनामा उल्लेखित शर्तहरु उलङ्घन भएमा बोलपत्र अमान्य हुनेछ ।

१५) बोलपत्र सदर वा बदर गर्ने अधिकार अधिकार प्राप्त अधिकारीमा निहीत रहनेछ ।

१६) उपरोक्त सूचना सम्वन्धमा कुनै कुरा हेरफेर वा संशोधन गर्नु परेमा यस कार्यालयले गर्न सक्नेछ ।

१७) सिलबन्दी बोलपत्रसाथ कुनै पनि निकायमा कालोसुचीमा नरहेको हस्त लिखित निबेदन समेत अनिबार्य समाबेश हुनु पर्नेछ ।

१८) अन्य शर्तहरुको हकमा प्रचलित आर्थिक ऐन, नियम र वन पैदावार लिलाम बिक्रि कार्यबिधि निर्देशिका अनुसार हुनेछ । साथै धरौटी रकम फिर्ता लिन २०८०।०८१ को कर चुक्ता प्रमाणपत्र अनिवार्य पेश गर्नु पर्नेछ ।

ईति सम्वत् २०८१ साल फागुन १९ गते रोज ०२ मा शुभम्............


dfojhapa@gmail.com, dfojhapa.koshi.gov.np डिभिजन वन कार्यालय झापा